# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.:-२०८२/०८३
च.नं.:-४६२१

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल
स्था: २०७३

मिति : २०८३।०१।०७

## श्रम संसार ( Shramsansar )प्रणालीमा अनिवार्य आवद्ध हुने सम्बन्धि सूचना ।

श्री निजी क्षेत्र रोजगारदाता सबै,
श्री रोजगार एजेन्सी सबै,
श्री तालिम प्रदायक संस्थाह सबै,
श्री सहकारी संस्थाहरु सबै,
श्री सरकारी तथा गैर सरकारी संस्थाहरु सबै,
श्री सामुदायिक तथा निजी विद्यालयहरु सबै, ।

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति : २०८३।०१।०४ को च.न. ५५ को पत्रानुसार श्रम तथा रोजगारीसँग सम्बन्धित सम्पूर्ण सेवा प्रवाहलाई डिजिटलाइजेशन गरी एकद्वार प्रणाली "श्रम संसार" (ShramSansar) मार्फत सञ्चालन गर्ने निर्देशन भएको हुँदा यस पालिका क्षेत्रभित्र रहेका **निजी क्षेत्र/रोजगारदाता,जब एजेन्सी,सहकारी संस्था,गैरसरकारी संस्था तथा तालिम प्रदायक संस्थाहरुलाई** यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र श्रम संसार (https://shramsansar.gov.np) प्रणालीमा आवद्ध भई श्रम तथा रोजगारी सम्वन्धी सूचना, रोजगार तथा तालिमका अवसरहरु उक्त प्रणाली मार्फमत अनिवार्य रुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

श्रम संसार प्रणालीमा आवद्ध हुनका लागि श्रम संसारको वेवसाइट https://shramsansar.gov.np र मोवाईलमा Play Store/App Store मार्फत डाउनलोड गर्न सकिन्छ ।

थप जानकारीका लागि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

**महेश पराजुली**
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८२।८३
चलानी नं.:- ५५

मिति: २०८३।०१।०४
नेपाल सम्वत: ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

विषय: श्रम संसार प्रणालीमा आबद्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरुलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्बन्धित सरोकारवालाहरूलाई उक्त प्रणालीमा आबद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जब एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आह्वान गर्ने र श्रम तथा रोजगार सम्बन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८३।०१।०४
उत्तम शर्मा
शाखा अधिकृत

इटहरी उपमहानगरपालिका कार्यालय
दर्ता: ११४२२
दर्ता मिति: २०८३।१।१६

मन्त्राच ... २।१